नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

स्टाफ नर्स

(नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ९ बमोजिम)

कार्य विवरण	
१.पदः स्टाफ नर्स २. सेवाः स्वास्थ्य ३. समूहः जनरल नर्सिङ्ग ४. तहः पाँचौ/छैठौ/सातौ ५. तलब (मासिक): नेपाल सरकारले तोके बमोजिम ६. काम गर्ने समयः नेपाल सरकारले तोके बमोजिम ७. कर्मचारीको नामः ८.कर्मचारीको संकेत नम्वर : ९. सुपरिवेक्षण गर्नु पर्नेः आफ्नो फाँट/वार्डको जिम्मवारीको कार्यसम्पादनमा संलग्न मातहतका कर्मचारीहरु	१०.कार्यालयको ठेगानाः.....प्रदेश, ...जिल्ला,..... स्थान, ... स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/विभाग/ अस्पताल ....शाखा..... फाँट ११. आवश्यक योग्यताः सम्बन्धित स्वास्थ्य ऐन तथा नियमावलीमा उल्लेख भए बमोजिम उपाधि प्राप्त । १२. उत्तरदायित्वःकार्यालय प्रमुख, प्रमुख अस्पताल नर्सिङ्ग प्रशासक, अस्पताल नर्सिङ्ग प्रशासक, नर्सिङ्ग अधिकृत।

सम्पादन गर्नुपर्ने काम, कर्तव्य, तथा उत्तरदायित्व

नेपाल स्वास्थ्य सेवा ऐन तथा नियमावलीको अधिनमा रही अस्पताल प्रमुख,नर्सिङ्ग प्रमुख को सुपरिवेक्षण र मातहतमा नेपाल नर्सिङ्ग परिषद्ले तयार गरेको आचार संहिता (कोड अफ इथिक्स) पालना गर्दै नियामानुसारका कार्य गर्ने ।

मुख्य जिम्मेवारी

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

(प्रिस्कृप्सन) अनुसार र स्तरिय उपचार प्रोटोकल अनुसारको औषधी र सूई सही तरिकाले ठिक समयमा दिने र स्पष्ट अभिलेख राख्ने ।

- विरामीहरुलाई आवश्यक पर्ने औषधीहरु स्टोरबाट ल्याई दुरुस्त राख्ने ।

६) आपूर्ति व्यवस्था

- आफ्नो जिम्मेवारीमा रहेका सर सामानहरु सम्वन्धित ठाँउमा माग तथा स्याहार संभार गरी दुरुस्त राख्ने ।
- आवश्यक औषधि तथा अन्य सरसामानको आपूर्ति व्यवस्था मिलाउने ।

७) अभिलेख राख्ने

- आकस्मिक उपचारको लागि चाहिने औषधी तथा सरसामानहरुको लेखाजोखा राख्ने ।
- विरामीहरुको अवस्थाको वारेमा नर्सिङ्ग अभिलेख राख्नेर प्रतिवेदन दिने ।

अन्यकार्य

- आवस्यकता अनुसार तोकिएको वार्डको नर्सिङ प्रमुख भई जिम्मेवारी बहन गर्ने ।
- आफ्नो मातहतका कर्मचारीहरुको सही मूल्याङ्कन गर्ने र गुणस्तर अभिवृद्धि गर्न पृष्ठपोषण दिने ।
- विभिन्न स्वास्थ्य कार्यक्रम सम्वन्धी परिचयात्मक गोष्ठी तथा राष्ट्रिय दिवसहरु मनाउन सहभागी हुने ।
- प्राप्त तालिम र सिप अनुसार अन्य आवश्यक कार्यहरु गर्ने।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

- अस्पतालमा सबै सम्बद्ध कर्मचारीहरुको ज्ञान र सीप अभिवृद्धि गर्न विभिन्न तालिम,कार्यक्रमको योजना गर्ने र कार्यान्वयन गर्ने राय तथा आवश्यक योजना नर्सिङ्ग/कार्यालय प्रमुख समक्ष प्रस्तुत गर्ने।
- स्थानीय स्रोत परिचालनको लागि आवश्यक योजना तथा कार्यक्रम सम्वन्धित निकायमा प्रस्तुत गर्ने कार्यका लागि आवश्यक अभिलेख र कागजातहरु तयार गर्ने।

२) प्राकृतिक प्रकोप तथा महामारी

- प्राकृतिक प्रकोप तथा महामारी परेमा सोको नियन्त्रणमा पूवतयारी , प्रतिकार्यमा प्रत्यक्ष संलग्न हुने र हन्य काममा सहयोग पुर्याउने ।
- कुनै पनि अप्रिय घटनाहरु (जस्तै दुर्घटना, सर्पको ढसाई, आगोले पोलेको) घटेमा आवश्यकता अनुरुप आकस्मिक सेवा उपलब्ध प्रदान गर्ने/गराउने ।

३) अनुगमन, मुल्यांकन तथासुपरीवेक्षण

- आफ्नो मातहतका कर्मचारीहरुलाई सुपरीवेक्षण गर्ने र सेवाग्राहीले सम्मानजनक सेवा तथा महिलाहरुले सम्मानजनक प्रसूति सेवा प्राप्त गरेको सुनिश्चित गर्ने ।
- तालिम लिन आउने प्रशिक्षार्थीहरुलाई तालिम दिने र तालिम लिएकाहरुलाई अनुगमन गर्ने ।
- नियमित रुपमा सेवाग्राहीहरुको सेवा प्रतिको सन्तुष्टि बुझ्न ग्राहक सन्तुष्टिको सर्वेक्षण गर्ने र सोहि अनुसार सुधार गर्न पहल गर्ने ।

४) स्वास्थ्यशिक्षातथा परामर्श

- स्वास्थ्यप्रवर्द्धनका लागि विरामी तथा कुरुवाहरुलाई आवश्यक स्वास्थ्य शिक्षा र परामर्श दिने ।
- सेवाग्राही विरामी तथा कुरुवाहरुलाई अस्पतालको नीति नियमबारे जानकारी गराउने साथै आवश्यकता अनुसार स्वास्थ्य शिक्षा र परामर्श प्रदान गर्ने ।
- अस्पतालद्वारा प्रदान गरिने सेवा अन्तरगत गर्भवती महिला तथा बालबालिकाहरुको स्वास्थ्य, पोषण, झाडापखाला तथा श्वासप्रश्वास सम्वन्धी स्वास्थ्य शिक्षा दिने रत्यसको प्रभावकरिताको अनुगमन गर्ने ।
- स्वास्थ्य शिक्षा सम्वन्धी कर्नर स्थापना तथा संचालन गर्न सहयोग गर्ने ।
- सुत्केरी आमाहरुले स्तनपान गराएको/नगराएको सुनिश्चित गरी स्तनपानको महत्व बारे शिक्षा दिने ।

५) औषधि उपचार

- विरामीहरुलाई नेपाल नर्सिङ्ग परिषद्ले तयार गरिएको आचार संहिता (कोड अफ इथिक्स) र दर्तावाला नर्सको स्कोप अफ प्रयाक्टिसको अधिनमा रही चिकित्सकले लिखित सम्प्रेसन पुर्जा

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

- सेवा प्रदान गर्दा असामान्य अवस्था पाइएमा आवश्यक व्यवस्थापन गर्न तुरुन्त नर्सिङ्ग अधिकृत र चिकित्सकलाई खवर गर्ने।

९) बहिरङ्ग सेवा

- अस्पतालमा जाँच गर्न आएका विरामीको आवश्यकता अनुसारको निदानात्मक तथा उपचारात्मक सेवा पहिचान गरी सेवा छिटो र प्रभावकारी रुपमा दिने व्यवस्था मिलाउने ।
- किशोरकिशोरीहरुको स्वास्थ्य, परिवार नियोजन सम्वन्धी सेवा, गर्भवती सेवा, नियमित खोप सेवा, प्रजनन् स्वास्थ्य, सरुवा रोग, जेरियाट्रिक तथा बाल स्वास्थ्य सम्वन्धि सेवादिने/व्यवस्था मिलाउने।
- सुत्केरी तथा नव शिशुलाई आवश्यकतानुसार सुरक्षित मातृत्व तथा नवशिशु सेवा तथा शिक्षा र परामर्श सेवा उपलब्ध गर्ने/गराउने व्यवस्था मिलाउने ।
- अन्यत्रबाट प्रेषण भई आएका विरामीहरुलाई तथा आकस्मिक अवस्थामा ल्याईएका विरामीहरुलाई विशेष प्राथमिकता दिई यथाशिघ्र सेवा प्रदान गर्ने र गराउने।
- सुरक्षित गर्भपतन सेवा प्रदान गर्ने।

६) प्रेषण

- प्रसूती तथा स्त्री रोग सम्वन्धमा स्थानीय निकायको स्वास्थ्य संस्था र अन्य स्वास्थ्य संस्था वीच दोहोरो प्रेषण प्रणाली विकास गर्ने व्यवस्था मिलाउने / सहजिकरण गर्ने।

व्यवस्थापकीयसंग सम्बन्धी

१) योजना तर्जुमा

- आफ्नो कार्य स्थलमा कामगर्नेनर्सिङ्ग तथा सहयोगीकार्मचारीहरुकोड्युटी रोस्टर तयार गर्न सहयोग गर्ने।
- अस्पतालमा उपलब्ध सेवाहरुः सुरक्षित मातृत्व सेवा, परिवार नियोजन सेवा, सुरक्षित गर्भपतन सेवा, किशोरकिशोरी मैत्री सेवा तथा संक्रमण रोकथामलाई गुणस्तरीय र प्रभावकारी बनाउन उपलब्ध सूचांकहरुलाई विश्लेषण गर्ने कार्यमा सम्वन्धित कर्मचारीहरुसंग समन्वय राखी कार्यक्रमहरुको योजना तर्जुमा गर्नलाई नर्सिङ्ग अधिकृतलाई सहयोग गर्ने।
- आफ्नो जिम्मेवारी भित्र रहेको सेवाहरुको अघिल्ला वर्षहरुको उपलब्धीहरुको तथ्यांकको विश्लेषण गरी आफुलाई दिएको शाखा वा फाँटको योजना तर्जुमा गर्ने।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

- अप्रेशनको लागी स्क्रब नर्सले समयमा अप्रेशन टेबल र अप्रेशन सामाग्रीको तयार गर्ने।
- बिरामीलाई अप्रेशन गर्न पूर्व, अप्रेशन गर्दा र अप्रेशन पछि गुणस्तिय नर्सिङ्ग सेवा प्रदान गर्ने र त्यसको अभिलेख राख्ने ।
- अप्रेशन गर्दा प्रयोग हुने सामाग्री तथा औजरहरुको उचित प्रयोग गर्ने र अप्रेशन गर्न पूर्व, अप्रेशन गर्दा र अप्रेशन पछि गणना गर्ने।
- अप्रेशन गर्दा प्रयोग हुने सामाग्री तथा औजरहरुको प्रयोग गरिसकेपछि बिसर्जन गर्न मिल्नेलाई उचित तरिकाले बिसर्जन गर्ने र पुन प्रयोग हुने सामाग्री तथा औजरहरुलाई decontamination गरि निर्मलीकरण गर्ने पठाउने ।
- विरामीहरुको सम्पुर्ण स्वास्थ्य अवस्थाको अभिलेख राख्ने।

७) पोस्ट अपरेशन वार्ड

- अप्रेशन गरेर बिरामीहरुको पुरा होस नआउन्जेलसम्म निरन्तर रुपमा बिरामीहरुको vital signs लिने र त्यसको अभिलेख राख्ने।
- विरामीको दुखाई सम्बन्धि जानकारी लिई आवयश्यक क्लिनिकल examination and investigation गर्ने।
- दुखाई कम गर्न उपयुक्त औषधि तथा विधि प्रयोग गर्ने।
- एनेस्थेसियोलोजिष्टले पूर्ण रिकभरि यकिन गरेमा उपयुक्त वार्डमा सिफ्ट गर्ने वा घर पठाउने।

८) इमरजेन्सी

- छिटो छरितो रुपमा बिरामीहरुको स्वास्थ्य समस्या वारे जाँचवुझ गर्ने तथा मुख्य समस्या पत्ता लगाई यथाशिध्र गुणस्तरिय नर्सिङ्ग सेवा प्रदान गर्ने र विरामीहरुको सम्पुर्ण स्वास्थ्य अवस्थाको अभिलेख राख्ने।
- सबै स्वास्थ्य कर्मिहरुसँग मिलेर गुणस्तरिय आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्ने ।
- आवश्यकता अनुसार बिरामीहरुलाई diagnostic test गराई छिटो छरितो रुपमा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्ने।
- आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्ने आवश्यक पर्ने life saving औषधी तथा Resuscitation Trolley तयारी अवस्थमा राख्ने र आवश्कता अनुसार बिरामीहरुलाई life saving औषधी दिने तथा Resuscitation गर्ने।
- प्राकृतिक प्रकोपको आपतकालीन अवस्थाका लागि अस्पताललाई पूर्व तयारी अवस्थामा राख्ने पूर्व तयारी योजना बनाउने / आपतकालिन सेवा प्रदान गर्ने ।

- विरामीहरुलाईनर्सिङ्ग प्रकृया अनुसार परीक्षण गरी प्रत्येक विरामीको नर्सिङ्ग केयर प्लान बनाउने ।
- उपयुक्त विधिबाट हेमोडाइलाइसिस तथा पेरिटोनियल डाइलाइसिस सेवा प्रदान गर्ने ।
- आफुले दिंदै आएको डाइलाइसिससेवाको मूल्यांकन गरी सुधारात्मक कदम चाल्ने ।
- सेवा प्रदान गर्दा असामान्य अवस्था पाइएमा आवश्यक व्यवस्थापन गर्न तुरुन्त नर्सिङ्ग अधिकृत र चिकित्सकलाई खवर गर्ने।
- डाइलाइसिस प्राविधिकको सहयोगमा आवश्यक मेसिन तथा औजारहरु कार्य संचालन अवस्था यकिन गर्ने ।प्रयोग गरिसकेपछि यथास्थानमा राम्रोसंग भण्डारण गर्ने ।
- विरामी र विरामीका आफन्तहरुलाई डाइलाइसिस प्रविधि, डाइलाइसिसको वैकल्पिक उपचार, मृगौला रोगको व्यवस्थापन, डाइलाइसिस पश्चात घरमा गरिने स्याहार, खानपान र शारिरीक व्यायाम आदि बारे परामर्श दिने ।

५) बच्चाको वार्ड

- अस्पतालमा भर्ना भएका बच्चाहरुलाई नर्सिङ्ग प्रकृया अनुसार परीक्षण गरी प्रत्येक विरामीको नर्सिङ्ग केयर प्लान बनाइ सोही अनुरुप सेवा प्रदान गर्ने।
- विरामीको अवस्था र आफुले दिंदै आएको नर्सिङ्ग सेवाको नर्सिङ्ग प्रकृया अनुरुप गुणस्तरिय भए/नभएको मूल्यांकन गरी सुधारात्मक कदम चाल्ने ।
- सेवा प्रदान गर्दा असामान्य अवस्था पाइएमा आवश्यक व्यवस्थापन गर्न तुरुन्त नर्सिङ्ग अधिकृत र चिकित्सकलाई खवर गर्ने।

६) अप्रेसन थिएटर

- अप्रेशन गर्दा प्रयोग हुने औजरहरुको उचित व्यवस्थापन, भण्डारण, प्रयोग र रेकड गर्ने।
- अप्रेशन गर्दा प्रयोग हुने औजरहरु निर्मलीकरण गरि चुस्तदुरुस्त राख्ने।
- अप्रेशन कोठाको उचित सरसफाई गर्ने ब्यवस्था मिलाउने र निर्मलीकरण गर्न सहयोग गर्ने ।
- अप्रेशनको लागी बिरामी बुझ्दा बिरामीको सबै फाइल अन्य जाँच गरिएका रिपोट र रगत चाहिने भएमा व्यवस्थापन भए नभएको एकिन गर्ने ।
- अप्रेशनको लागी बिरामीलाई तयारी गर्ने।
- विरामीको अधिकार र आवश्यकक्ता अनुसार व्यक्तिगत विवरणको गोपनियताको सुनिश्चित्ता तथा सम्मान गर्ने।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

- परिवार नियोजनका ग्राहक र दम्पतिहरुलाई परामर्श सेवा दिने,परिवार नियोजनका साधनहरु वितरण गर्ने।

३) सघन उपचार कक्ष सेवा

- आफ्नोकार्य क्षेत्रमा भर्ना भएका विरामीहरुकोअवस्थाबारे (हेण्ड ओभर/टेक ओभर) जानकारी प्राप्त गर्ने साथै आवश्यकता अनुसार विरामीको अवस्था बारे बुझ्ने ।
- अस्पतालमा भर्ना भएका विरामीहरुलाईनर्सिङ्ग प्रकृया अनुसार परीक्षण गरी प्रत्येक विरामीको नर्सिङ्ग केयर प्लान बनाउने ।
- विरामीको आवश्यकता पहिचान गरी स्तरिय उपचार प्रोटोकल अनुसार गुणस्तरीय नर्सिङ्ग सेवा प्रदान गर्ने ।
- विरामीको अवस्था बारे स्वास्थ्य समुहसंग छलफल गरी स्तरिय उपचार प्रोटोकल अनुसार अन्य स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य समुहलाई सहयोग गर्ने ।
- भेन्टिलेटर, मोनिटर तथा अन्य सामाग्रीहरुको कार्य संचालन अवस्था यकिन गर्ने ।प्रयोग गरिसकेपछि यथास्थानमा राम्रोसंग संक्रमण रोकथाम र नियन्त्रणको उपाय अबलम्बन गरी भण्डारण गर्ने ।
- बिग्रिएका सामाग्रीहरुको अभिलेख राखी मर्मतको लागि पहल गर्ने ।
- विरामीहरुको सम्पुर्ण स्वास्थ्य अवस्थाको अभिलेख राख्ने र गुनासो संकलन गरी तुरुन्त आवश्यकताअनुसार व्यवस्थापन गर्ने ।
- विरामीको अवस्था र आफुले दिंदै आएको नर्सिङ्गसेवाको नर्सिङ्ग प्रकृया अनुरुप गुणस्तरिय भए/नभएको मूल्यांकन गरी सुधारात्मक कदम चाल्ने ।
- प्रदानगरिएकासेवाकोआधारमाविरामीकोअवस्थाकोप्रगतिवारेनर्सिङ्ग प्रकृया अनुसार मूल्याङ्कन गरी आवश्यकतानुसार सम्वन्धित नर्सिङ्ग अधिकृत र चिकित्सकलाई खवर गरी व्यवस्थापन गर्ने ।
- विरामी/विरामीका आफन्त तथा स्वास्थ्य कर्मीलाई अस्पतालबाट हुने संक्रमणबाट जोगाउन संक्रमण रोकथाम तथा नियन्त्रण र फोहोरमैला व्यवस्थापनको उचित उपायको व्यवस्था गर्ने ।
- विरामी र विरामीका आफन्तहरुलाई आवस्यक परामर्श गर्ने ।

४) डाइलाइसिस सेवा

- डाइलाइसिस गर्नु पूर्व, गरिरहँदा र गरिसकेपछि विरामीको अवस्थावारे जाँच गर्ने र अभिलेख राख्ने ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

- प्रसूतिसेवामासंलग्नभएमासम्मानजनकप्रसूतिस्याहारसेवाप्रदानगर्ने । कुनै पनि सेवाग्राही महिलाले प्रसूति हिंसाको अनुभूति गरे/नगरेको सुनिश्चित गरी हिंसा रहित सेवाको सुनिश्चितताको लागि सुधारात्मक कार्य गर्ने ।
- गर्भवती महिला तथा परिवारलाई पोषण, सरसफाई, खोप र प्रसव तयारीको महत्व वारे एकल र दमुहमा आवश्यक सल्लाह र परामर्श दिने ।
- नियमित गर्भवती महिला तथा परिवारलाई प्रसुतीकोलागी योजना वनाउन सहयोग गर्ने।
- गर्भवती महिलाको चेक जाँच गर्ने र गर्भवती महिला उहाँको श्रीमानलाई सामान्य प्रसुतीको लागी परार्मश दिई तयारी गर्न सहयोग गर्ने ।
- प्रसवमा भएका गर्भवती महिलाको पार्टोग्राफभर्ने र असामान्य अवस्था पाइएमा तुरुन्त व्यवस्थापन गर्ने र माथिल्लो निकायमा खबर गर्ने ।
- गर्भवती, प्रसव र सुत्केरी साथै सो पश्चात आमा र वच्चालाई निरन्तर सेवा (Continuum of care)प्रदान गर्ने साथै प्राप्त गरेको सुनिश्चित गर्ने।
- आमा र वच्चाको अवस्था असामान्य पाइएमा तुरुन्तै आवश्यक व्यवस्थापनगर्न सहयोग गर्ने।
- महिलाको इच्छा अनुसारको आसनमा सामान्यप्रसुति सेवा(Normal delivery)प्रदान गर्ने ।सामान्य प्रसुति पश्चात महिलाको मंजुरी भएमा PPIUCD प्रदान गर्ने ।
- सुत्केरी आमा र वच्चालाई आवश्यकता अनुसार सुत्केरी सेवा तथा नवशिशु सेवाप्रदान गर्ने जस्तै पेरिनियल केयर, स्तनको स्याहार, स्तनपान आदिमा सहयोग गर्ने।
- नवजात शिशुलाई (helping baby breathe) सामान्य रुपमा स्वास फेर्ने सहजीकरण गर्ने ।
- सुत्केरी अवस्थामा आमा र चच्चालाई हुने सामान्य समस्याहरु पत्ता लगाई निचारण गर्ने र जटिल समस्याहरु समयमै पत्ता लगाई चिकित्सकलाई खबर गर्ने वा आवश्यक नर्सिङ् स्वास्थ्य सेवा दिई प्रेषण गर्ने।
- स्वास्थ्य संस्था सुचीकृत भएमा र स्वास्थ्य पालिम प्राप्त भएमा नियमानुसार स्तरिय गर्भपतन सेचा प्रदान गर्ने।
- अपुरो गर्भपतन (PAC) भएको हो भन्ने यकिन भएमा आवश्यकता अनुसार तालिम प्राप्त नर्सले गर्भपतन सेवा प्रदान गर्ने ।
- अपुरो गर्भपतन /गर्भपतन सेवागर्ने सुविधा नभएमा सम्वन्धित स्वास्थ्य सस्थामा प्रेषण गर्ने ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

अस्पतालको न्युनतम सेवा मापदण्ड अनुसार अस्पतालबाट दिने नर्सिङ्गसेवाकोगुणस्तरको सुनिश्चित गर्दै तोकिएको वार्ड र सेवा कक्षको जिम्मेवारी लिई गुणस्तरिय नर्सिङ्ग / स्वास्थ्य सेवा प्रदान गर्ने ।

सेवा प्रबाहसंग सम्बन्धी

१) अन्तरङ्ग सेवा

- आफ्नो कार्य क्षेत्रमा भर्ना भएका विरामीहरुकोअवस्थाबारे (हेण्ड ओभर/टेक ओभर) जानकारी प्राप्त गर्ने साथै आवश्यकता अनुसार विरामीको अवस्था बारे बुझ्ने ।
- अस्पतालमा भर्ना भएका विरामीहरुलाईनर्सिङ्ग प्रकृया अनुसार परीक्षण गरी गुणस्तरीय नर्सिङ्ग सेवा प्रदान गर्ने ।
- विरामीहरुको गम्भीर स्वास्थ्य अवस्थाको अभिलेख राख्ने रगुनासो संकलन गरी तुरुन्त आवश्यकताअनुसार व्यवस्थापन गर्ने ।
- विशेष नर्सिङ्ग सेवा प्रदान गर्नु पर्ने सघन कक्षहरु जस्तै आई.सी.यु., सी.सी.यु., एन.आई.सी.यु., ओ. सी. एम. सी.मा सेवा पुर्याउनु परेमा आफैले वा आफ्नो मातहतमा भएका नर्स कर्मचारीहरुको ज्ञान, सिप र दक्षताको आधारमा सेवा प्रदान गर्ने ।
- सेवाग्राही /विरामीको अवस्था र आफुले दिंदै आएको नर्सिङ्ग तथा मिडवाईफ्री सेवाको नर्सिङ्ग प्रकृया अनुरुप गुणस्तरिय भए/नभएको मूल्यांकन गरी सुधारात्मक कदम चाल्ने ।
- प्रदान गरिएका सेवाको आधारमा विरामीको अवस्थाको प्रगतिवारे नर्सिङ्ग प्रकृया अनुसार मूल्याङ्कन गरी आवश्यकतानुसार सम्वन्धित नर्सिङ्ग अधिकृत र चिकित्सकलाई खवर गरी व्यवस्थापन गर्ने ।
- आफ्नो माताहतमा रहेका कर्मचारीहरुलाई कार्यक्षमताको आधारमा नर्सिङ्ग सेवा गर्न लगाउने ।
- अस्पतालमा भर्ना भएका विरामीलाई २४ सै घण्टा सेवा पुर्याउनेवातावरणको लागि व्यवस्था मिलाउने / सहयोग गर्ने।
- विरामी/कुरुवा तथा स्वास्थ्यकर्मीलाई अस्पतालबाट हुने संक्रमणबाट जोगाउन संक्रमण रोकथाम र फोहोरमैला व्यवस्थापनको उचित उपायको व्यवस्था गर्ने ।
- अस्पतालको वातावरण सरसफाईको व्यवस्था मिलाउने / सहयोग गर्ने।
- गुणस्तरिय नर्सिङ्ग सेवा प्रदान गर्नका लागि कन्टिन्यू प्रोफेसनल डेभेलपमेन्ट कार्यक्रममा सहभागी हुने र नयाँ, समयसापेक्ष परिवर्तित नर्सिङ्ग अभ्यासहरु लागू गर्ने ।

२) प्रसुती सेवा